# पोखरा फाइनान्स लिमिटेड
# POKHARA FINANCE LIMITED

नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था

Since 2053 B.S.

प्रधान कार्यालयः न्यूरोड, पोखरा-९, कास्की, फोनः ०६१-५४४१३५, ५४४१३६
Email: info@pokharafinance.com.np, URL: www.pokharafinance.com.np

## सत्ताईसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

श्री सेयरधनी महानुभावहरु,

यस वित्तीय संस्थाको २०८० पौष ६ गते शुक्रबार बसेको सञ्चालक समितिको ५२७ औं बैठकको निर्णय अनुसार संस्थाको सत्ताईसौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण सेयरधनी महानुभावहरुलाई जानकारीको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम यो सूचना प्रकाशन गरिएको छ। साधारण सभा सम्बन्धी सम्पूर्ण विवरणहरु सेयरधनी महानुभावहरुलाई यथासमयमा नै पठाइने व्यहोरा अवगत गराउँदै सभामा उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ।

१. **सभा हुने मिति, समय र स्थान :**

**सभा हुने मिति** : २०८० साल पौष महिना २९ गते आइतबार, तद्अनुसार १४ जनवरी, २०२४

**समय** : विहान ९:०० बजे

**स्थान** : दरबारथोक बैंक्वेट, बाँस्तोलाथर, पोखरा-९, कास्की।

२. **छलफलका विषयहरु**

**क) साधारण प्रस्तावहरु :**

१) आर्थिक वर्ष २०७९/८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन माथि छलफल र पारित गर्ने।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७९/८० आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाव नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने।

३) लेखापरीक्षण समितिको सिफारिस अनुरुप वित्तीय संस्थाको आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण गर्नको लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

४) संस्थापक समूहबाट सञ्चालक समितिमा मनोनित सञ्चालकहरुको अनुमोदन सम्बन्धमा।

५) स्वतन्त्र सञ्चालक नियुक्तिको जानकारी सम्बन्धमा।

६) सर्वसाधारण सेयरधनीको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३ जना सञ्चालकहरुको निर्वाचन गर्ने सम्बन्धमा।

**ख) विशेष प्रस्तावहरु :**

१) पोखरा फाइनान्स लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा प्राप्ति/समाहित -एक्विजिशन)/गाभ्ने वा गाभिने (Acquisition/Merger) प्रयोजनका लागि उपयुक्त बैंक, वित्तीय संस्थाको पहिचान गर्ने, सहमतिपत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने, सो को आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति दायित्वको मुल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मुल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने तथा मर्जरसँग सम्बन्धित अन्य आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने।

**ग) विविध**

वार्षिक साधारण सभाका काम क्रियाकलाप र विवरणहरुको सम्बन्धमा नियमनकारी निकायले कुनै निर्देशन दिएमा आवश्यक संशोधन, थपघट गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने सम्बन्धमा

**सेयर दाखिला खारेज किताब बन्द (बुक क्लोज) रहने**

वित्तीय संस्थाको सेयर दाखिला खारेजको काम २०८० पौष १९ गते देखि २०८० पौष २९ गतेसम्म बन्द रहनेछ।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

## सत्ताईसौं वार्षिक साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. मिति २०८० पौष १९ गते देखि सत्ताईसौं वार्षिक साधारण सभा सम्पन्न नभएसम्म वित्तीय संस्थाको सेयर दाखिला खारेज दर्ता किताब बन्द (Book Close) रहने छ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८० पौष १८ गतेसम्म कारोबार भई सात (७) कार्य दिन भित्र यस वित्तीय संस्थाको सेयर रजिष्ट्रार श्री प्रभु क्यापिटल लिमिटेड, काठमाण्डौमा कायम रहेको सेयर नामसारीको लिखतको आधारमा सेयरधनी दर्ता किताबमा कायम सेयरधनीहरुले मात्र सो सभामा भाग लिन, मतदान गर्न सक्नेछन्।

२. सभामा भाग लिन आउँदा सेयरधनी महानुभावहरुलाई सभा हुने दिन सेयर प्रमाणपत्रमा उल्लेखित परिचयपत्र नम्बर/हितग्राही (DMAT) खाता खोलिएको प्रमाण सहित वित्तीय संस्थाद्धारा जारी गरिएको प्रवेशपत्र साथमा लिई आउन अनुरोध छ। प्रवेशपत्र प्राप्त नगर्नु भएका सेयरधनीले आफ्नो कुनै एक सक्कल सेयर प्रमाणपत्र/हितग्राही (DMAT) खाता खोलिएको प्रमाण तथा परिचय खुल्ने कुनै प्रमाण (जस्तै नागरिकता प्रमाणपत्र वा अन्य कुनै फोटो सहितको परिचयपत्र) साथमा लिई आउनु हुन अनुरोध छ। सभामा भाग लिन प्रत्येक सेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई सभा स्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ। हाजिरी पुस्तिका बिहान ८:३० बजेदेखि खुल्ला रहनेछ।

३. प्रतिनिधि(प्रोक्सी) नियुक्त गर्न चाहने सेयरधनीहरुले सम्पूर्ण सेयरको प्रतिनिधिपत्र (प्रोक्सी फाराम) भरी वित्तीय संस्थाको सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगाडि वित्तीय संस्थाको प्रधान कार्यालय न्यूरोड पोखरामा दर्ता गरी सक्नु पर्नेछ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति संस्थाको सेयरधनी हुनु अनिवार्य छ।

४. सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित सेयरधनी स्वयं उपस्थित भएमा सेयरधनीले दिएको प्रोक्सी स्वतः बदर हुनेछ।

५. सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको अवस्थामा बाहेक एक भन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा (साझा गरी) सेयर लिएको रहेछ भने सेयरधनीको दर्ता किताबमा दर्ता क्रमानुसार पहिलो नाम उल्लेख भएको व्यक्ति एक जनाले मात्र सभामा भाग लिन सक्ने छ।

६. नाबालक वा मानसिक सन्तुलन ठीक नभएको सेयरधनीको तर्फबाट वित्तीय संस्थाको सेयरधनी दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भईरहेको व्यक्तिले मात्र सभामा भाग लिन वा प्रतिनिधि (प्रोक्सी) तोक्न सक्नु हुनेछ।

७. कुनै संगठित संस्था वा कम्पनीले सेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले सेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ।

८. प्रतिनिधि मुकरर गर्दा आफ्नो नाममा रहेको सम्पूर्ण सेयरको प्रतिनिधि एकै व्यक्तिलाई गर्नु पर्दछ। एक भन्दा बढी व्यक्तिलाई आधा/आधा वा अरु कुनै किसिमबाट छुट्टाएर दिएमा बदर हुनेछ।

९. छलफलका विषय सूचीमध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक सेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ। तर त्यस्ता विषयलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन।

१०. सञ्चालक निर्वाचन सम्बन्धी कार्यक्रम मिति २०८०/०९/२० गते वित्तीय संस्थाको प्रधान कार्यालयको सूचना पाटीमा प्रकाशन गरिनेछ।

११. वित्तीय संस्थाको कम्पनी ऐन, २०६३ अनुसारको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन र लेखा परिक्षकको प्रतिवेदन सेयरधनी महानुभावहरुले संस्थाको प्रधान कार्यालय, शाखा कार्यालयहरु तथा यस संस्थाको सेयर रजिष्ट्रार श्री प्रभु क्यापिटल लिमिटेडमा आई निरीक्षण गर्न र प्राप्त गर्न सक्ने व्यहोरा समेत जानकारीको लागि सुचित गरिन्छ। साथै सो सम्बन्धी जानकारी यस वित्तीय संस्थाको वेभसाइट www.pokharafinance.com.np मा हेर्नु हुन अनुरोध छ।